# माछापुच्छ्रे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाहाचोक, कास्की

## सेवा करार पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९।११।०२**

यस माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा चालु आ.व. २०७९।८० का लागि देहाय बमोजिम जनशक्ति सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र (अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समयभित्र) रीतपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | परीक्षा किसिम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | MRM२१/०७९/८० | हेल्थ असिष्टेन्ट | ५ | १(एक) | लिखित र अन्तरवार्ता | रु.७००।- |
| २. | MRM२२/०७९/८० | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | १(एक) | लिखित र अन्तरवार्ता | रु.५००।- |
| ३. | MRM२३/०७९/८० | अ.न.मि. | ४ | २(दुई) | लिखित र अन्तरवार्ता | रु.५००।- |
| ४. | MRM२४/०७९/८० | सहायक कम्प्यूटर अपरेटर | ४ | ५(पाँच) | लिखित र अन्तरवार्ता | रु.५००।- |

१. **आवश्यक न्यूनतम योग्यताः**
   - क) **हेल्थ असिष्टेन्ट पदका लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिष्टेन्ट कोर्ष उत्तीर्ण गरी सम्वन्धित काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरेको ।
   - ख) **ना.प.स्वा.प्रा. पदका लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तीर्ण गरेको ।
   - ग) **अ.न.मि. पदका लागिः** मान्यताप्राप्त शिक्षण संस्थाबाट अ.न.मि. कोर्ष उत्तीर्ण वा सम्वन्धित विषयमा माथिल्लो योग्यता हासिल गरी सम्वन्धित काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरेको ।
   - घ) **स.कम्प्यूटर अपरेटर पदका लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट **SEE** वा सो सरह उत्तीर्ण गरी कम्तीमा ३ महिने आधारभूत कम्प्यूटर कोर्ष पुरा गरेको ।

२. **उमेरः** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला उम्मेदबारको हकमा ४० वर्ष ननाघेको । अ.न.मि. र हे.अ.को हकमा ४५ वर्ष ननाघेको)

३. **दरखास्त दिने स्थानः** माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लाहाचोक, कास्की।

४. **दरखास्तको ढाँचा र शुल्कः** माछापुच्छ्रे गाउँपालिकाको वेबसाइट https://machhapuchhremun.gov.np बाट प्राप्त गर्न सकिने छ र तोकिएको दरखास्त दस्तूर प्रभु बैंक लिमिटेड, माछापुच्छ्रे शाखामा रहेको यस गाउँपालकाको आन्तरिक राजश्व खाता (**GA-1.1 ANTARIK RAJASHWO KHATA,1400109223400069**) मा रकम जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

५. **तलबः** गाउँपालिकाको प्रचलित नियमानुसार ।

६. लिखित तथा अन्तरवार्ताको समय पछि प्रकाशन गरिनेछ ।

७. छनौटको प्रक्रिया र विधि माछापुच्छ्रे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५(संशोधन, २०७९) बमोजिम हुनेछ।

८. लिखित परीक्षाको लागि ५५ वटा वस्तुगत बहुवैकल्पिक प्रश्नहरु सोधिनेछ र प्रश्नहरुको स्तर लोक सेवा आयोगको स्थानीय तह अन्तर्गतको पदको प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम बमोजिम हुनेछ ।

९. **संलग्न गर्नपर्ने कागजातहरुः**
   - क) निवेदन
   - ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
   - ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
   - घ) सम्बन्धित काउन्सिलको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
   - ङ) कामको अनुभव खुलेका कागजातहरु

१०. सूचनामा उल्लेख भएका विषय बाहेक अन्य विषयहरुको हकमा पदपूर्ति/ छनौट तथा सिफारिस समितिमा अधिकार निहित रहनेछ ।

०७९।११।०२

सम्पर्क नं.:९८५६०१७३१०,९८५६०१७३१४

प्रमुख प्रशासकीय अधिकृत

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत